# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, साउन ४ गते २०५० साल ( संख्या १४


## भाग ३

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम ११ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूर संचार संस्थान, नेपाल टेलिभिजन, रेडियो प्रसार सेवा विकास समिति, नेपालस्थित विदेशी राजदूतावास र अन्य कुटनीतिक नियोगका कार्यालय तथा संचार साधन उपलब्ध गराउने गरी श्री ५ को सरकारले संझौता गरेका अन्तरराष्ट्रिय संघ संस्था तथा श्री ५ को सरकार र विदेशी सरकारको संयुक्त लगानीमा संचालन भएका आयोजनाहरूले रेडियो यन्त्र प्रयोग गर्ने सम्बन्धमा लाइसेन्स दिंदा र नवीकरण गर्दा उक्त नियमावली अनुसार लाग्ने दस्तूर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
घनानाथ ओझा
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५३

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना १

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट सुन र चाँदीका गर गहना तथा कलात्मक वस्तुहरूको निकासी अभिवृद्धि गर्ने सम्बन्धमा देहाय बमोजिम लागू हुने गरी यो आदेश जारी गरेको छ ।

१. नेपालबाट सुन चाँदीका गहना विना कसैको सिफारिशमा निर्यात हुनदिने र निर्यातकर्ताले भित्र्याएको विदेशी मुद्राको आधारमा नेपाल राष्ट्र बैंकले आफूले Profit margin नराखी अन्तरराष्ट्रिय बजारबाट निर्यातकर्ताहरूको लागि सुन आयात गरी दिने ।

२. नेपाल अधिराज्यबाट सुनका गहना र चाँदीका गहना निकासी गर्दा मूल्य अभिवृद्धि गरी निकासी गर्नु पर्ने गरी खण्ड ४२, संख्या ६, मिति २०४६।२।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको नं. २ खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५०।३।२५ को निर्णयानुसार गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश, २०४६ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उक्त (गठन) आदेशको दफा ३ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखी हेरफेर गरेको छ ।

(क) माननीय वाणिज्य राजमन्त्री वा

श्री ५ को सरकारले तोकेको व्यक्ति . . . . अध्यक्ष

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

958